# बाहिङ्ग किरांत मुलुखिम्

# को

श्री ५ को सरकार
गृह मन्त्रालय
प्रशासन कार्यालय
काठमाडौं

# विधान - २०६१

श्री स्थानीय अधिकारी ज्यू,
जिल्ला प्रशासन कार्यालय, काठमाडौं ।

विषय: संस्था दर्ता गरी पाउँ ।

हामीले वाहिङ्ग किराँत मुलीखीम सम्बन्धी सामाजिक संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता गर्न चाहेकोले रु. ५।- को टिकट टाँसी प्रस्तावित विधानको ४ (चार) प्रति, पदाधिकारीहरुको नागरिकताको प्रमाणित प्रतिलिपी १/१ प्रति समेत यसै साथ संलग्न गरी देहायको विवरण खुलाई निवेदन गरेका छौं ।

विवरण

१. संस्थाको नाम:- बाहिङ्ग किराँत मुलुखिम्

२. संस्थाको ठेगाना :- काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ६ सु स्वागतमार्ग

३. संस्थाको घर नं. ११९

४. संस्थाको मूलभूत उद्देश्य :-
यो संस्था मुनाफा रहित जनहित सामाजिक संस्था हुनेछ ।

५. संस्थाको आर्थिक श्रोत:-
सदस्यहरुबाट प्राप्त रकम, अनुदान, सहायताबाट प्राप्त रकम ।

६. प्रबन्ध समितिका पदाधिकारी:-

| क्र.सं. | नाम, थर | संस्थाको पद | स्थायी वतन | पेशा | दस्तखत |
|---|---|---|---|---|---|
| १ | दन्तुराम राई | अध्यक्ष | ओखलढुंगा जि. मोली गा.वि.स. वडा नं. ५ हाल का.जि.का.म.न. पा. वडा नं. ६ सु स्वागतमार्ग | व्यापार | |
| २. | मनीराम राई | उपाध्यक्ष | ओखलढुंगा जिल्ला मोली गा.वि.स. वडा नं. ६ हाल का.जि.कपन गा.वि.स. वडा नं. १ फैका | [illegible] | |
| ३. | रुकमान राई | महासचिव | ओखलढुंगा जिल्ला [illegible] गा.वि.स. वडा नं. ६ पंखु हाल का.जि.कपन गा.वि.स. वडा नं. १ फैका | व्यापार | |
| ४. | रुपाराज राई | सचिव | ओखलढुंगा जिल्ला [illegible] गा.वि.स. वडा नं. ७ हाल का.जि.का.म.न.पा. वडा नं. ६ सु स्वागतमार्ग | नोकरी | |
| ५. | कुमार धन राई | कोषाध्यक्ष | ओखलढुंगा जिल्ला मोलि गा.वि.स. वडा नं. ६ पंखु हाल का.जि.कपन गा.वि.स. वडा नं. १ फैका | व्यापार | |
| ६. | राजा बाबु किराँती | सदस्य | रौतहट जिल्ला डुमरीया गा.वि.स. वडा नं. २ हाल का.जि.का.म.न.पा. वडा नं. ६ सु स्वागतमार्ग ब्लक नं. ११९ | अध्यायन | |
| ७. | मेख राज राई | सदस्य | ओखलढुंगा जिल्ला मोली गा.वि.स. वडा नं. ७ खाटा हाल का.जि.का.म न.पा. वडा नं. ६ सु स्वागतमार्ग | अध्यायन | |
| ८. | रामजी राई | सदस्य | ओखलढुंगा जिल्ला रातमाटे गा.वि.स. वडा नं. ६ रातमाटे हाल का.जि.का.म.न.पा. वडा नं. ६ रामहिटी | व्यापार | |
| ९. | जय कुमार राई | सदस्य | ओखलढुंगा जिल्ला रात्माटे गा.वि.स. वडा नं. ६ रातमाटे हाल का.जि.का. म.न.पा. वडा नं. ६ रामहीटी | नोकरी | |

भवदीय

( दन्तुराम राई)
संस्थाको अध्यक्ष

मिति: २०६१। ।

श्री ५ को सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काठमाडौं

जिल्ला प्रशासन कार्यालय, काठमाडौंको
मिति २०६१।३।२१।२ को निर्णयानुसार
विधान । स्वीकृत
२०६१।३।२१।२
भीम शेर
प्रशासकीय अधिकृत

# बाहिङ्ग किराँत मुलुखिम्
# को
## विधान–२०६१

**प्रस्तावना :**

नेपाल एक यस्तो राष्ट्र, जहा बहुजातिय, भाषिक, धार्मिक, सास्कृतिक र सस्कारले भरिएको देश हो । यस भित्र रहेको आदिवासी बाहिङ्ग किराँत पनि एक हुन् । यस जातिका पाछा (उपथर) हरुलाई एउटै विशुद्ध सामाजिक संस्थामा आवद्ध गर्दै र विभिन्न जातजाति आदिवासी जनजातिहरु सग आपसी सद्भावको अभिवृद्धिका साथै एक आपसमा सहयोगको आदान–प्रदान सहकार्य गरि यस भूमि–पुत्र बाहिङ्ग किराँत हरुको भाषा ,साहित्य ,धर्म, कला, किराँत लिपी, सस्कृति र सस्कारको सरक्षण, सम्वर्धन र खोज अन्वेषण गरी एक अर्कामा भेदभावको भावना नगरी सबै एउटै हौ भन्ने धारण राखी राष्ट्रिय उत्थान र जगेर्नाको लागि जागरण गराउन राष्ट्रको विकाशमा टेवा पुऱ्याउने उदेश्यले राष्ट्रिय स्तरको एउटा मानव कल्यणकारी सस्था " बाहिङ्ग किराँत मुलुखिम् " को स्थापना गर्दै यो विधान २०६१ निर्माण गरी लागु गरिएको छ।

### परिच्छेद १
### प्रारम्भिक

१. संस्थाको नाम : यस संस्थाको नाम "बाहिङ्ग किराँत मुलुखिम्" रहेकोछ । यसलाई अंग्रेजिमा BAHING KIRANT MULUKHIM भनिनेछ र छोटकरीमा वि.के.एम (BKM) रहनेछ ।

(क) संस्थाको कार्यालय रहने ठेगाना :

यस संस्था काठमाडौं जिल्ला भित्र कुनै पनि ठाउँमा रहन सक्नेछ । पछि आवश्यकता अनुसार प्रचलित कानूनको रित पुऱ्याई अन्य ठाउँमा पनि खोल्न सकिने छ ।

(ख) संस्थाको कार्यक्षेत्र :

यस संस्था काठमाडौं जिल्ला भित्र कुनै पनि ठाउँमा रहन सक्नेछ । पछि आवश्यकता अनुसार प्रचलित कानूनको रित पुऱ्याई नेपाल अधिराज्यका कुनै पनि स्थानमा शाखा कार्यालय खोली काम गर्न सकिनेछ ।

(ग) प्रारम्भ :यो विधान स्थानीय अधिकारीबाट स्वीकृति प्राप्त भएको मितिदेखि लागु हुनेछ ।

(घ) संस्थाको अस्तित्व :

यो संस्था एक अविछिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, मुनाफारहित, गैर राजनीतिक तथा गैर सरकारी सामाजिक संस्था हुनेछ। संस्थाले आफ्नो उद्देश्य बाहेक अन्य आर्जन गर्ने तथा अन्य कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गर्ने छैन।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

(१) "विधान" भन्नाले यस "बाहिङ्ग किराँत मुलुखिम्" लाई जनाउने छ।

(२) "संस्था" भन्नाले "बाहिङ्ग किराँत मुलुखिम्" नामको संस्थालाई जनाउने छ।

(३) "सदस्य" भन्नाले यस संस्थाको कुनै पनि सदस्यलाई जनाउने छ।

(४) "समिति" भन्नाले यस विधान अन्तर्गत गठन भएको वा गठन हुने कार्यकारिगी समितिलाई जनाउने छ।

(५) "पदाधिकारी" भन्नाले यस संस्थाका कार्यकारिणी समितिको सवै पदाधिकारीहरुलाई जनाउने छ।

(६) "साधारण सभा" भन्नाले यस विधान वमोजिम हुने साधारण सभालाई जनाउने छ।

(७) "सल्लाहकार" भन्नाले यस विधान अन्तर्गत कार्यकारिणी समितिले नियुक्ति गर्ने सल्लाहकारहरुलाई जनाउने छ।

(८) "आर्थिक वर्ष" भन्नाले यस संस्थाको हरेक वर्षको ~~माघ~~ १ देखि ~~पौष~~ मसान्तलाई जनाउनेछ।

(९) "नियम विनियम" भन्नाले यो विधान अर्न्तगत वन्ने नियम विनियमलाई जनाउनेछ।

(१०) "तोकिए वा तोकिए वमोजिम" भन्नाले यस विधान अर्न्तगत उल्लेखित नियमहरुलाई जनाउने छ।

(११) "स्थानिय अधिकारी" भन्नाले सम्बन्धित निकाय वा प्रमुख जिल्ला अधिकारीलाई संभन्नु पर्छ।

(१२) "ऐन भन्नाले" संस्था ऐन २०३४ लाई जनाउनेछ।

(१३) "अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव कोषाध्यक्ष र सदस्य भन्नाले "यस संस्थाका अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव कोषाध्यक्ष र सदस्यलाई जनाउनेछ।

(१४) "बाहिङ्" भन्नाले तोलच्चा, ढिवुर्वा, डम्बुचा, दिलिङ्वाच्चा, खारडुच्चा, जम्बुङ, ~~[illegible]~~, सेचोवा, खारायुल्चा, सुस्तो, रिनाम्छाच्चा, तोतिमी आदि बाहिङ् भाषा बोल्ने किराँत जातिहरुलाई जनाउँछ।

३. संस्थाको छाप र चिन्ह :-

यो संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । जुन अनुसूचि १ मा उल्लेख गरिएकोछ ।

## परिच्छेद २

४ उद्देश्य :

प्रचलित ऐन, कानून र नियमको अधिनमा रही संस्थाका उद्देश्यहरु निम्न वमोजिम हुनेछन् :-

(१) सम्पूर्ण वाहिङ्ग किराँत मुलुखिम्हरु विच आपसी एकता कायम गर्ने ।

(२) बाहिङ्ग किराँत मुलुखिम्हरुको भाषा, लिपी, धर्म, कला, संस्कृती र इतिहासको खोज अनुसन्धान संरक्षण र सम्र्वधन गर्ने र सो कार्य गर्नेलाई आर्थिक सहयोग पुऱ्याउने ।

(३) बाहिङ्ग किराँत मुलुखिम्हरुको जातिमा जनचेतना अभिबृद्धी गर्ने ।

(४) बाहिङ्ग किराँत मुलुखिम् भाषा अन्य भाषाहरुको स्तरमा मान्यता दिलाउन प्रयत्न गर्ने ।

(५) समान उद्देश्यका राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग सम्पर्क राख्ने ।

(६) बाहिङ्ग किराँत मुलुखिम् भाषा साहित्य, सस्कृती र संस्कार बारे मासिक पत्रिका वा बुलेटिनहरु प्रकाशित गर्ने ।

(७) यस संस्थाबाट आफ्नो मातृ भाषाको कक्षा सञ्चालन गर्ने गराउने ।

(८) बाहिङ्ग किराँत मुलुखिम्को स्वतन्त्र पेशागत हकहीतको संरक्षण र सम्र्वधन गराउने ।

(९) सञ्चार माध्यममा योभाषा संस्कृती र संस्कारलाई प्रचार प्रसारको लागि प्रयत्न गर्ने ।

(१०) यो संस्था मुनाफा रहित जनहीतकारी सामाजिक संस्था हुनेछ ।

(११) संस्था उद्देश्य प्राप्तीका लागि विभिन्न प्रकारका अन्य कामहरु गर्ने ।

(१२) यो संस्थाले आफ्नो कार्य संचालन गर्दा सम्बन्धित निकायको राष्ट्रिय नीति योजना र कार्यक्रम अनुसार सम्बन्धीत निकायको जिल्ला स्थित कार्यालयसंग समन्वय गरी उक्त कार्यालयको पूर्व अनुमति समेत लिई गर्नेछ ।

५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु : यस संस्थाको उपरोक्त उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्नेछ :-

(क) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति र इजाजत प्राप्त गरी मात्र उपरोक्त उद्देश्य कार्यन्वयन गर्नेछ,

(ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिनेछ र कम्प्यूटर, टेलिफोन, टाइपराईटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ,

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्नेछ,

(घ) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता संचालन गर्नेछ,

(ङ) अन्य आवश्यक कुराहरु,

## परिच्छेद–३
## सदस्यता

६. **सदस्यहरुको वर्गिकरण**

(क) साधारण सदस्य :

यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकिएको प्रकृया अन्तर्गत रहि आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन् ।

(ख) संस्थापक सदस्यहरु :

यस संस्था दर्ता हुँदाको बखतका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् । संस्थापक सदस्यहरुले साधारण वा आजिवन सदस्यता लिएर विधान बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

(ग) आजीवन सदस्य :-

संस्थाको विकासको लागि विशेष सहयोग दान पुऱ्याउने व्यक्तिहरुलाई तोकिएको प्रकृया अन्तर्गत आजिवन सदस्यता प्रदान गरिने छ ।

(घ) संरक्षक सदस्य :-

संस्थाको विकासको लागि विशेष सहयोग दान पुऱ्याउने व्यक्तिहरुलाई तोकिएको प्रकृया अन्तर्गत संरक्षक सदस्यता प्रदान गरिने छ ।

(ङ) विशिष्ट सदस्य :-

संस्थाको विकासको लागि विशेष सहयोग दान पुऱ्याउने व्यक्तिहरुलाई तोकिएको प्रकृया अन्तर्गत विशिष्ट सदस्यता प्रदान गरिने छ ।

(च) मानार्थ सदस्य :-

संस्थाको समाजसेवी, विशिष्ट व्यक्ति तथा प्रतिष्ठीत नेपाली नागरिकहरुलाई मानार्थ सदस्यता प्रदान गरिने छ ।

(छ) सबै सदस्यहरुले यस विधान र विधान अन्तर्गत बनेको नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नु पर्नेछ ।

७. **सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :-**

यस संस्थाको सदस्यको लागि देहाय बमोजिमको योग्यता पुगेका हुनु पर्नेछ :

(क) नेपाली नागरिक भएको

(ख) यस संस्थाको सदस्यको लागि सदस्यको उमेर १६ वर्ष पुगेको हुनु पर्दछ ।

(ग) मानसिक सन्तुलन नगुमाएको ।

(घ) सार्वजनिक सम्पती हिनामिना गरेको नठहरेको ।

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी नठहरीएको हुनु पर्नेछ ।

८. संस्थाको सदस्य नियुक्ति हुन वा बहाल रहन नसक्ने अवस्था

१. देहायका कुनै व्यक्ति संस्थाको सदस्य पदमा नियुक्ति हुन सक्ने छैन

(क) गैह्र नेपाली नागरिक र १६ वर्ष उमेर पूरा नगरेको,

(ख) मगज विग्रेको वा बौलाएको,

(ग) दामासाहीमा परेको,

(घ) सम्बन्धीत संस्थाको व्यवसायमा निजी स्वार्थ भएको,

(ङ) सदस्यता नविकरणको म्याद सकिएको ४५ दिन भित्र सदस्यता नविकरण नगरेमा ।

(च) सार्वजनिक सम्पत्ती हिनामिना गरेको ठहरेमा ।

( ) [illegible] ।

(छ) तीन पटक सम्म नियमित रुपमा बैठकमा अनुपस्थित भएमा ।

९. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा बहाल रहने छैन

(क) दफा ८ बमोजिम सदस्य पदमा नियुक्ति हुन नसक्ने भएमा

(ख) साधारण सभाबाट ७५ प्रतिशतको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पास गरेमा,

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा,

(घ) संस्थाको काम कारवाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा,

(ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनि तोकिएको कुनै कार्य गरेमा,

(च) बाहिङ्ग किराँत मुलुखिम्को विरुद्ध गैह्र कार्य गरेको ठहरेमा ।

(छ) संस्था विघटन वा खारेज भएमा ।

२. कुनै व्यक्तिलाई संस्थाको सदस्यमा नियुक्ति हुन वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाईको सबुद पेश गर्ने मौका दिनु पर्नेछ ।

१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः

यस विधानको दफा ६ बमोजिमको सदस्यहरुले देहाय बमोजिमको उप-दफामा तोकिएको शुल्क तिरी सदस्यता प्राप्त गर्न सक्नेछ ।

१. साधारण सदस्य :- साधारण सदस्यको , प्रवेश शुल्क रु. १०१।- लाग्ने छ, प्रथम पटक वार्षिक शुल्क रु. १०१।- हुनेछ र सदस्यता अवधि [illegible] मशान्त सम्म रहनेछ र नविकरण शुल्क रु. ५१।- लाग्नेछ ।

२. संस्थापक सदस्य :

(क) यो संस्था दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् ।

(ख) संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए बमोजिम शुल्क बुझाई साधारण सदस्य वा आजिवन सदस्य प्राप्त गर्न सक्नेछन् ।

३. आजिवन सदस्य :-

संस्थामा एकमुष्ट रु. ५००१।- पाँचहजार एक बुझाई तोकिएको प्रकृया अर्न्तरगत आवेदन दिने व्यक्तिहरुलाई कार्य समितिको निर्णयले आजिवन सदस्यता प्रदान गर्नसक्नेछ ।

४. संरक्षक सदस्य :-

संस्थामा एक मुष्ट रु. १०,००१।- (दश हजार एक) बुझाई तोकिएको प्रकृया अन्तर्गत आवेदन दिने व्यक्तिलाई कार्य समितिको निर्णयले संरक्षक सदस्यता प्रदान गर्न सक्नेछ ।

५. विशिष्ट संरक्षक सदस्य:-

संस्थामा एकमुष्ट रु. १५,००१।- (पन्ध्र हजार एक) रकम बुझाई तोकिएको प्रकृया अन्तर्गत आवदेन दिने व्यक्तिहरुलाई कार्य समितिको निर्णयले विशिष्ट संरक्षक सदस्यता प्रदान गर्न सक्नेछ ।

६. मानार्थ सदस्य :-

साधारण सभाले उपयुक्त ठानेको समाजसेवी, विशिष्ट व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिकहरुलाई मानार्थ सदस्य प्रदान गर्न सक्नेछ । तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

७. संस्थाले प्रदान गरेको उपदफा १,२,३,४,५ र ६ अनुसारको सदस्यहरुको छुट्टै अभिलेख पुस्तिका रहनेछ ।

## परिच्छेद ४

### साधारण सभा, कार्य समिति तथा वैठक सम्बन्धी व्यवस्था

११. साधारण सभाको गठन:

१) यस संस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्रापत गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरु बाट संस्थाको साधारण सभा गठन हुने छ । मानार्थ सदस्यहरु आमन्त्रित हुने छन् र साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

२) यस संस्थाको साधारण सभा, देहाय बमोजिम हुनेछ ।

क) विशेष साधारण सभा : संस्थाको कूल सदस्य संख्याको १/४ ( एक चौथाई) सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा, कार्यसमितिले ७ (सात) दिनभित्र अनिवार्य रुपमा बोलाउनु पर्दछ । तर साधारण सभा वा विशेष सभा बसेको छ महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्ने छैन ।

ख) वार्षिक साधारण सभा: वर्षको एक पटक वार्षिक साधारण सभा बस्नेछ ।

३. यस संस्थाको प्रथम वर्षिक साधारण सभा संस्था स्थापना भएको आ.व. समाप्त भएको मितिले दुई महिना भित्रमा गरिने छ र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले २(दुई) महिना भित्र गरिने छ ।

४. यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ (सात) दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिइनेछ ।

५. उप-दफ ४ बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १७ बमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ (सात) दिनको म्याद दिई पुन: साधारण सभा बोलाइने छ ।

६. साधारण सभा र विशेष साधारण सभाको छुट्टा छुट्टै निर्णय पुस्तिका राखिनेछ ।

१२. साधारण सभाको काम कर्तवय र अधिकार: साधारण सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरु र वार्षिक बजेट पारित गर्ने ।

ख) लेखा परीक्षकबाट प्रापत भएको वार्षिक लेखा परीक्षण-प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु माथी छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु असुल उपर गरी फर्छौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

ग) आगामी वर्षको लागि लेखा परीक्षकको नियुक्ति गर्ने ।

घ) संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मूल्यांकन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

ङ) संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरुको विधान बमोजिमको प्रक्रिया अन्तरगत रही निर्वाचन गर्ने ।

च) कार्य समितिद्वारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

ज) कार्य समितिबाट संस्थाको हित अनुकुल भएका काम-कारवाहीहरुको, औचित्य हेरी अनुमोदन गर्ने ।

झ) संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्यसमितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी, पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरुको आवश्यकता अनुरुप स्वीकृती प्रदान गर्ने ।

ञ) साधारण सभाले आवश्यकता अनुसार विभागहरु गठन गर्ने छ ।

१३. कार्य समितिको गठन:

१. साधारण सभाको सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरु रहने गरी १७ (सत्र) सदस्यीयको कार्य समिति गठन गरिने छ ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| उप-अध्यक्ष | १ |
| महा-सचिव | १ |
| सचिव | १ |
| कोषाध्यक्ष | १ |
| सदस्यहरु | १२ जनासम्म |

२. कार्य समितिको कार्य अवधि ४ वर्षको हुनेछ ।

३. कार्य समितिको वैठक महिनामा १ पटक बस्ने छ । तर कार्य समितिको पदाधिकारीहरुको जम्मा संख्याको ५१ प्रतिशतले वैठक बोलाउन माग गरेमा अध्यक्षले कार्यसमितिको वैठक तुरुन्त बोलाउनु पर्दछ ।

४. वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै सदस्य पदको लागि मात्र कुनै कार्य समितिमा रहेको सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिकालागि कार्य समितिका सदस्यले मनोनित कार्य समितिद्वारा चयन गर्न सकिनेछ । कुनै सदस्यको पद बीचमा रिक्त भएमा सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल सो सदस्यको जुन सदस्य पद रिक्त भै मनोनित भएको हो, सो सदस्य बाँकी कार्यकाल सम्मका लागि मात्र हुने छ तर अन्य पदहरुको लागि विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रकृयाद्वारा पद पूर्ति गरिनेछ ।

५. कार्य समितिको वैठकमा ५१ प्रतिशत पदाधिकारीहरु उपस्थित नभै कार्य समितिको वैठक बस्ने छैन ।

६. कार्य समितिको वैठकमा बहुमतको निर्णय मान्य हुने छ र मत वरावर भएमा अध्यक्षले निर्णयक मत दिने छ ।

७. कार्य समितिको वैठकमा अध्यक्षले अध्यक्षता गर्ने छ निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थितीमा जेष्ठ सदस्यहरुबाट वैठकको अध्यक्षता ग्रहण गराइने छ ।

८. कार्य समितिको वैठकमा छलफल भएको विषयहरुको छुट्टै निर्णय कित्तावमा लेखि राखिने छ र सो निर्णय विवरणमा वैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले सही गर्नुपर्ने छ तर निर्णयमा असहमती जनाउनेले कैफियत लेखि सही गर्नुपर्ने छ ।

९. संस्थाले गर्ने भनेको सम्पूर्ण कार्य, समितिको निर्णयबाट हुनेछ ।

१४. पद त्याग गर्न सक्ने : अध्यक्षले उपाध्याक्ष मार्फत कार्य समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्ने छन् ।

१५. अन्य समितिहरु :

१. यस विधानको परिधि भित्र रहेर संस्थाको कार्य संचालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उप- समितिहरु गठन गर्न सक्नेछ तर साधारण सभाको वैठकद्वारा अनुमोदन गराउनु पर्नेछ ।

२. उप- समितिहरुको कार्यहरु कार्य समितिले तोकि दिए बमोजिम हुनेछ ।

## परिच्छेद ५

### पदाधिकारीहरुको काम कर्तव्य र अधिकार:

१६. काम, कर्तव्य र अधिकार: कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अध्यक्षको काम कर्तव्य र अधिकार

(१) बैठक वा सभाको अध्यक्षता गर्ने,

(२) वैठकबाट पारित नियम वा कार्यहरुको पालना गर्ने, गराउने ।

(३) संस्थाको संरक्षण, सम्वर्द्धनका लागि संचालित कार्यक्रमहरुको नेतृत्व गर्ने ।

(४) संस्थालाई भौतिक सुविधा सम्पन्न बनाउन जोडदार प्रयत्न गर्ने ।

(५) संस्थाको नाममा परेका वा संस्थाले दायर गरेका मुद्दा-मामिलामा संस्थाको प्रतिनिधित्व गर्ने ।

(६) कार्यसमितिका पदाधिकारीहरुको सल्लाह अनुसार योजनाहरु तर्जुमा गर्ने, कार्यन्वयन गराउने ।

(७) संस्थाको क्रियाकलापहरु सुचारु रुपले सञ्चालन गर्न महासचिव र सचिवलाई आवश्यक सहयोग र निर्देशन दिने ।

(८) निर्णयक मत दिने ।

(९) अभिलेख प्रमाणित गर्ने ।

(१०) समान उद्देश्य भएको जातीय संघ, संस्था संग सम्बन्ध स्थापित गर्ने ।

(११) राजिनामा स्वीकृत गर्ने ।

(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार

(१) अध्यक्षको काम कारवाहीमा सहयोग गर्ने,

(२) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्य सुचारु रुपले सञ्चालन गर्ने

(३) सदस्यताको वृद्धि गर्न प्रयत्न गर्ने ।

(४) धर्म, संस्कृति तथा संस्कार विभागको संयोजक भै सम्बन्धीत क्षेत्रमा कार्य गर्ने ।

(ग) महासचिवको काम, कर्तव्य र अधिकार

(१) संस्थाको आन्तरिक प्रशासन सञ्चालन गर्ने ।

(२) संस्थाका चल, अचल सम्पतिको लेखा र अभिलेख सम्बन्धि पत्रावली सुरक्षित राख्ने ।

(३) वैठक वा सभाका निर्णय लेख्ने ।

(४) कार्यहरुको तालिका वनाउने र कार्यान्वयन गर्ने ।

(५) सभा, गोष्ठी, सम्मेलन आदी र संस्थाका क्रियाकलापहरुको प्रचार-प्रसार गर्ने ।

(६) वैठक आदीको प्रतिवेदन प्रकाशित गर्ने ।

(७) पुस्तक,पुस्तिका, पत्र-पत्रिका तथा प्रचार-प्रसारका सामाग्रीहरु प्रकाशित गर्ने ।

(८) संस्थाको तर्फबाट पत्राचार गर्ने ।

(घ) सचिवको काम, कर्तव्य र अधिकार

(१) महासचिवको काम कारवाहीमा सहयोग गर्ने,

(२) महासचिवको अनुपस्थितिमा महासचिवले गर्ने सम्पूर्ण कार्य सुचारु रुपले सञ्चालन गर्ने

(३) अक्षयकोष व्यवस्थापन समितिको सचिव भै कार्य सम्पादन गर्ने र अन्य तोकिएको कार्य गर्ने ।

(ङ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार:

(१) उपलब्ध स्रोतको सुरक्षा र सदुपयोग गर्ने ।

(२) हिसाव किताव दुरुस्त राख्ने वा राख्न लगाउने ।

(३) संस्थाले निर्णय गरेको कार्यमा खर्च गर्ने ।

(४) वार्षिक कार्यक्रम र वजेट तयार पारी कार्य समितिमा प्रस्तुत गर्ने ।

(५) अध्यक्ष, महासचिव र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट कोष तथा बैंकिङ्ग कारोबार गर्ने ।

(च) सदस्यको काम कर्तव्य र अधिकार :

१. संस्थाको हित हुने सल्लाह दिने र प्रस्तावहरु पारित गर्ने, गराउने ।

२. संस्थाद्धारा आयोजना गरिएका कार्यक्रममा सहभागी हुने ।

३. सभा, समिति वा पदाधिकारीबाट तोकिएको जिम्मेवारी पूर्ण गर्ने ।

४. सदस्यता बृद्धिमा सहयोग गर्ने ।

१७. गणपुरक संख्या:

१. कुल सदस्य संख्याको ६० प्रतिशतको प्रतिनिधित्व हुने गरी साधारण सदस्यहरु उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन ।

२. तर विधानको दफा ११ को उपदफा (५) मा उल्लेख भए बमोजिम पुन: बोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ५१ प्रतिशत प्रतिनिधित्व हुने गरी उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

## परिच्छेद ६
## आर्थिक व्यवस्था

१८. संस्थाको कोष:

१. संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु रहनेछन्:

(क) सदस्यता शुल्क वापत प्राप्त रकम,

(ख) कसैले स्वेच्छाले दिएको अनुदान रकम

(ग) संस्थाद्वारा संचालित कार्यक्रमहरुबाट संकलित रकम ।

(घ) श्री ५ को सरकार तथा अन्य विदेशी संघ संस्थाहरुबाट प्राप्त रकम ।

२. विदेशी संघसंस्थाबाट अनुदान रकम लिने भए संस्थाले अर्थ मन्त्रालयको स्वीकृति लिनेछ ।

३. संस्थामा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता संचालन गरिनेछ ।

१९. खाता संचालन:

केन्द्रको बैंक खाता अध्यक्ष, महासचिव, कोषाध्यक्षको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

२०. कोषको रकम खर्च गर्ने तरिका: संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिनेछ ।

(क) संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

(ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

(ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।

(घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्नेछ ।

२१. संस्थाको लेखा र लेखा परीक्षण :

१. संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

२. संस्थाको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखापरीक्षक बाट हुनेछ

३. श्री ५ को सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत पनि संस्थाको हिसाब किताब जाँच्न वा जचाउन सक्नेछ ।

४. लेखा परीक्षकको नियुक्ति कार्यसमितिबाट हुनेछ ।

५. संस्थाको लेखा परीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, जि.वि.स., समाज कल्याण परिषद् र सम्बन्धित निकायमा पेश गरिने छ ।

## परिच्छेद–७

## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था

२२. निर्वाचन सम्बन्धी व्यवस्था:

(क) कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढीमा ५ सदस्यीय एक निर्वाचन मण्डल गठन गरिनेछ ।

(ख) उक्त निर्वाचन मण्डलले विधानको अधिनमा रही निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्नेछ ।

(ग) निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा यसको निर्णय अन्तिम हुनेछ ।

(घ) निर्वाचन मण्डलको कार्य सम्पन्न भएपछि स्वत: विघटन हुनेछ ।

२३. अविश्वासको प्रस्ताव

१. अविश्वासको प्रस्ताव लिखित रुपमा देहाय बमोजिमको रित पुर्‍याई संस्थामा दर्ता गर्नुपर्नेछ ।

(क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्छ ।

(ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनु पर्छ ।

(ग) साधारण सभाका सदस्यहरु मध्येबाट कम्तिमा १/४ (एक चौथाइ) सदस्यहरुको प्रस्ट नाम, थर, ठेगाना सहित खुलाई कार्य समितीका अध्यक्ष समक्ष लिखित रुपमा पेश गर्नु पर्दछ ।

२. उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकि संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११ (४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सुचना दिइने छ ।

३. अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रिया:

क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले [illegible] उप-दफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

ख) उप-दफा ३(क) बमोजिम अविश्वासको प्रस्ताव पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तीन जना सदस्यलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग) दफा २३ को उप-दफा १ बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरु राख्न अनुमति दिइने छ ।

२४. <u>अविश्वासको प्रस्ताव माथि निर्णय :-</u>

१. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भए पछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको वहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय वमोजिमको कुनै एक तरिका अपनाई अविश्वास को प्रस्तावको निर्णयको घोषणा गर्ने छ ।

(क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूह छुट्याएर ।

(ख) साधारण सभाका सदस्यहरुलाई अविश्वास को पक्ष वा विपक्षमा गोप्य मतदान गराएर ।

२. साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुई तीहाई) वहुमतले अविश्वासको प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्ति पद मुक्त हुनेछ ।

३. निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपूगी त्यस्तो व्यक्ति उपर पून: अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

२५. विधान संशोधनः-

कूल सदस्य संख्याको २/३ (दुई तिहाई) वहुमतले साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजको लागि स्थानिय अधिकारी समक्ष सिफारिस गरि पठाउनु पर्नेछ । स्थानिय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिने छ ।

## परिच्छेद -८
## विविध

२६. नियम वनाउन सक्नेः-

(क) संस्थाले आवश्यकता अनुसार नियम विनियम वनाई लागु गर्न सक्ने छ । सो नियम साधारण सभाबाट पारित गराई लागू हुनेछ र स्थानीय अधिकारीलाई सो को जानकारी दिनु पर्ने छ ।

(ख) यो विधान र विधान अर्न्तगत बनेको नियमको अधिनमा रहि संस्थाको कार्य संचालन र उद्देश्य कार्यन्वयनका लागि कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागु गर्न सक्ने छ । त्यस्तो विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

२७. कर्मचारीको व्यवस्थाः-

संस्थाको दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारी दरवन्दी सृजना, पारिश्रमीक भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिए वमोजिम हुनेछ ।

२८. संस्था खारेजीः-

१. संस्थाको विधान वमोजिम कार्य संचालन गर्न नसकेमा

२. सभा सम्मेलनले कारण देखाई विघटन गर्ने प्रस्ताव पारित गरेमा

३. यसरी कारण वस संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी वाँकी रहने सम्पूर्ण जायजेथा श्री ५ को सरकारको हुनेछ ।

२९. संस्थाको व्याख्याः-

यो विधान र विधान अन्तर्गत वनेको नियम विनियमको व्याख्या गर्ने अधिकार केन्द्रिय कार्य समितिलाई हुनेछ ।

३०. संस्थाको हैसियतः-

(क) यो संस्था एक विशुद्ध सामाजिक सेवा भावले स्थापना भएको एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्था हुने छ । यो संस्थाले कुनै व्यक्ति सरकारी वा गैर सरकारी संघ/संस्था उपर मुद्दा गर्नु पर्ने भएमा मुद्दा गर्न र प्रतिवाद गर्न सक्नेछ ।

(ख) संस्थाको उद्देश्य प्राप्तिको लागि कार्य गर्दा कुनै पदाधिकारी वा सदस्यहरु उपर मुद्दामामिला आईपरे सो को प्रतिरक्षा संस्थाद्वारा गरिनेछ ।

३१. गोप्यता भङ्ग गर्न नहुने:-

यस संस्थाका कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले बैठकमा कार्य समितिका सदस्यहरुले असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाईने छैन ।

३२. ऐन अनुसार हुने:-

यस विधानमा उल्लेख नभएका कुराहरु कानून वमोजिम हुनेछ र संस्था दर्ता ऐन नियम र प्रचलित कानून संग वाझिन गएमा वाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

३३. निर्देशनको पालना:-

श्री ५ को सरकार वा स्थानिय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

३४. तर्दथ समिति:-

१. यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तर्दथ समितिले ६ महिना भित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्य समितिको निर्वाचन गराउने छ र सो को जानकारी स्थानिय अधिकारीलाई दिइनेछ ।

२. प्रथम पटक निर्वाचन सम्पन्न नभए सम्मको अवस्थामा कार्य समितिले गरेका काम कार्यवाहीहरु यसै विधान सरह भएको मानिने छ ।

३५. सल्लाहकार:-

केन्द्रिय कार्य समितिले आवश्यक ठानेमा वाहिङ्ग किराँत मुलुखिमको विकाश र उत्थानहरुमा विषेश योगदान पुर्‍याउने व्यक्तिहरुलाई सल्लाहाकारमा राख्नेछ ।

३६. हामी वाहिङ्ग किराँत मुलुखिमका निम्न संस्थापकहरु यस विधान वमोजिम कार्य गर्न मन्जुर भई निम्न साक्षीको रोहवरमा विधानमा सही छाप गर्दछौं ।

| संस्थापकको नम, थर र ठेगाना, | साक्षीको नाम, थर, वतन र सहिछाप |
|---|---|
| १. नाम थर: दन्तुराम राई<br>ठेगाना: ओखल्ढुंगा जिल्ला मोली गा.वि.स. वाड नं. ५ हाल का.जि.का.म.न.पा. वडा न..६, सुस्वागत मार्ग, ब्लक नं. ११९ | मा० ब्रत वहादुर राई<br>जि० ओखल्ढुंगा मोली<br>गा·वि·सि· वडा नं. ३<br>मोली डाँडा |
| २. नाम थर: मनी राम राई<br>ठेगाना: ओखल्ढुंगा जिल्ला मोली गा.वि.स. वडा नं. ६ हाल का.जि. कपन गा.वि.स. वडा नं. १ फैका | श्री प्रेम राज राई<br>जि· ओखल्ढुंगा मोली<br>गा·वि·सि· वडा नं· ३<br>मोली डाँडा |

| | |
|---|---|
| ३. नाम थरः रुकमन राई<br>ठेगानाः ओखल्ढुंगा जिल्ला केतुके गा.वि.स. वडा नं. ६ पंखु हाल का.जि. कपन गा.वि.स. वडा नं. १, फैका | श्री भिमशेर कुदाली<br>जि. ओखल्ढुंगा मोली<br>गा.वि.स. वडा नं. २<br>मोली |
| ४. नाम थर : रुपाराज राई<br>ठेगानाः ओखल्ढुंगा जिल्ला केतुके गा.वि.स. वडा नं. ७ धेब्लो, हाल का.जि.का.म.न.पा. वडा नं. ६ सुस्वागत मार्ग ब्लक नं. ११९ | |
| ५. नाम थरः कुमार धन राई<br>ठेगानाः ओखल्ढुंगा जिल्ला मोली गा.वि.स.वडा नं. ६ पंखु, हाल का.जि. कपन गा.वि.स.वडा नं. १ फैका | |
| ६. नाम थरः राजा वावु किराँती<br>ठेगानाः रौतहट जिल्ला डुंमरीया गा.वि.स. वाड नं. २, हाल का.जि.का.म.न.पा. वडा नं. ६ सुस्वागत मार्ग ब्लक नं. ११९ | |
| ७. नाम थरः मेख राज राई<br>ठेगानाः ओखल्ढुंगा जिल्ला मोली गा.वि.स. वडा नं. ७, हाल का.जि.का.म.न.पा. वडा नं. ६ सुस्वागतमार्ग | |
| ८. नामः रामजी राई<br>ठेगानः ओखल्ढुंगा जिल्ला रातमाटे गा.वि.स. वडा नं ६, रातमाटे हाल का.जि.का.म.न.पा. वडा नं. ६ रामहिटी | |
| ९. नाम थरः जय कुमार राई<br>ठेगानाः ओखल्ढुंगा जिल्ला रातमाटे गा.वि.स. वाड नं. ६ रातमाटे हाल का.जि. का.म.न.पा. वाड नं. ६ रामहीटी | |

KIRANT
किरांत
BAHING बाहिङ
MULUKHIM मुलुखिम
२०६१
2004

एक बाहिङ किराँतमुलुखिम भित्र हरने चिन्ह (लोगो) को परिभाषा यस प्रकार छ। मुन्दुम धर्म अनुसार बाहिङ किराँत समाजमा पित्री पुजा अथवा कुलदेवता बुझाउने समयमा चाहिने विभिन्न प्राकृतीक वनस्पतीहरुबाट पित्री पुज्ने थान बनाईन्छ जसमा

पहिलो मान्द्रो ओछ्याइएको
मान्द्रो माथी डालो
डालोमा चामल
चामल माथी चिन्डो
चिन्डोलाई सेतो कपडाले बेरीएको
चिन्डोको मुखमा अदुवाको टुक्रा
र दायाँ बायाँ अदुवा र बोट अदुवाको
किराँतहरु अदुवालाई मुख्य औषधीको रुपमा
प्रयोग गर्दछन ।

समाजकल्याण परिषद्
समन्वय शाखा

केन्द्रिय कार्यालय
ऐश्वर्य समाजकल्याण
सेवा भवन
लेखनाथ मार्ग लैनचौर
काठमाडौं

पत्र संख्या २०६१/०६२
च. नं. ००२८१

आबद्धता नं. १६२८० मिति २०६१/४/२०

श्री बाहिङ किराँत मुलुखिम
काठमाडौं।

विषय:- आबद्ध गरिएको बारे।

परिषद्को मिति २०६१/४/१५ को निर्णय अनुसार "बाहिङ किराँत मुलुखिम" लाई समाज कल्याण ऐन २०४९ को दफा १३ बमोजिम यस परिषद्मा आबद्ध गरी प्रमाण पत्र उपलब्ध गराइएको व्यहोरा जानकारी गराउँदछु। समाज कल्याण ऐन २०४९ समाज कल्याण नियमावली २०४९, परिषद्को नीति, नियम तथा प्रचलित कानून बमोजिम गरी जानु हुन अनुरोध छ। साथै परिषद् र संस्था बीच पारस्परिक सहयोगको अभिवृद्धि हुने विश्वास लिइएको व्यहोरा समेत अनुरोध छ।

बोधार्थ:
श्री जिल्ला प्रशासन कार्यालय
काठमाडौं

सहायक निर्देशक

श्री ५ को सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काठमाडौं

निर्णय मिति २०६१।३।२९
दर्ता मिति २०६१।३।२९
दर्ता नं. १०४०।०६०।६१

प्रमाण पत्र

श्री अध्यक्षज्यू,
वाहिङ्ग किरात मुलुखिम
काठमाडौं

"वाहिङ्ग किरात मुलुखिम नामक संस्था, संस्था दर्ता ऐन २०३४ को दफा ४ बमोजिम २०६१।३।२९ मा दर्ता गरी यो प्रमाण पत्र दिइएको छ।

स्थानीय अधिकारीको सही
टप नाथ भीमशेर [illegible]
दर्जा :- प्रशासकीय अधिकृत

द्रष्टव्य:- यो प्रमाण पत्र हरेक आ.व. भित्र नवीकरण गर्नु पर्ने छ।

२०६६।११।२१

छैटौं साधारण सभाको बहुमतले अनुमोदन गरिएको विधान भित्रका बुदा संसोधन तथा थप गरिएको बुदाहरु संसोधन

| विधानमा भएको | थप तथा संशोधन गरिएको | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|
| **परिच्छेद २ को परिभाषा को धारा १४ मा** वाहिङ भन्नाले तोलाचा, दिवुर्चा, इम्वुचा, दिलिङ्वाचा, खाराइल्चा, जयलुङ, सेचोचा, खारायूल्चा, सुस्तो, रिनाम्साचा, तोनिमी, आदी वाहिङ भाषा वोल्ने किराँत पाछाहरुलाई जनाउँदछ । | **परिच्छेद १ को परिभाषा २ को धारा १४ मा** वाहिङहरुको पूर्खा खालुवा(खालीवा) रुङ्वु(रुम्वुढा रुम्दाली),रेन्दु(रेन्दुक्पा) पाई. हवासालीहरुको सन्तान भित्रका दोचाहरु थाम्रोचा, हवाजुपाचा, यूम्वुचा, दुङमोचा, मुपुचा, रेके(रोके), दिलिङवाचा, पियाचा, रवाल्लोचा, म्र्‍ासाचा, प्रोङ्मोचा, खारादिवुर्चा, नामर्व्यासाचा, यूम्वुचा लुतिचा/लुतिछा, हंगु/हंगुचा, मोप्लोचा, हवालिन्दी, मुनारी, तोनीमी, सुस्तो/सुस्तोचा, रिपोचा, मुलिवा, रिनाम्साचा, र फ्याक्तीचा गरि ५९ भन्दा माथि रहेका दोचा जो, वाहिङ(वायुङ) भाषा वोल्ने किरात सभ्याता भित्रका फरक जातिलाई जनाउदछ । | वाहिङहरुका पूर्खाहरु उल्लेख नभएको र थप दोचा(थर) छुट्न गएको हुदा स्पष्ट उल्लेख गरिएमा सवै वाहिङ जाति भित्रका थरहरुलाई समेटी अपन्वत्वको भावनामा समानता ल्याउन, |
| **विधानमा परिच्छेद ४ को धारा १३ को, १ कार्य समिति गठनमा** साधारण सभाको सदस्यहरुवाट निर्वाचित देहाय वमोजिमको | **विधानमा परिच्छेद ४ को धारा १३ को** कार्य समितिको गठनको दफा १ मा, १ जना अध्यक्ष, ३ जना उपाध्यक्ष, १ जना महासचिव, १ सचिव, १ कोषाध्यक्ष रहने र ४ जना सदस्य गरि ११ जनाको कार्य समिति साधारण सभावाट निर्वाचित भई चुनिएको हुनेछ,। भने ६ जना | सवै क्षेत्र, जिल्ला, गा.वि.स र वडाका वाहिङहरुको समान सहभागिता, जिम्मेवारी वोद गराई लोकतान्त्रिक विधिमा लान र समान सहभागिताको बढावा दिदै सम्मुनत समाजको निर्माणमा टेवा दिन । |

BAHING KIRAT MULUKHIM
2004 २०६१

# बाहिङ किरात मुलुखिम

सातौं ऐतिहासिक साधारण सभाबाट विधान भित्रका संशोधन गरिएको बुदाहरु

| विधानमा भएको | थप तथा सशोधन गरिएको | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| परिच्छेद ३ को धारा १० को उप-धारा ४ संरक्षक सदस्यः-<br><br>संस्थामा एकमुष्ट रु १०,००१(दश हजार एक) बुझाई तोकिएको प्रकृया अन्तर्गत आवेदन दिने व्यक्तिलाई कार्य समितिको निर्णयले संरक्षक सदस्यता प्रदान गर्न सक्नेछ । | परिच्छेद ३ को धारा १० को उप-धारा ४ बमोजिम संरक्षक सदस्यः-<br><br>संस्थामा एकमुष्ट रु १५,००१(पन्ध्र हजार एक) बराबरको आर्थिक वा भौतिक सहयोग बुझाई तोकिएको प्रकृया अन्तर्गत आवेदन दिने व्यक्तिलाई कार्य समितिको निर्णयले संरक्षक सदस्यता प्रदान गर्न सक्नेछ । | समय परिस्थिती अनुसार शुल्क समायोजन र निर्धारण गरि संस्थालाई आर्थिक तथा भौतिक रुपमा मजबुत पार्न आवश्यकता रहेकोले |
| परिच्छेद ३ को धारा १० को उप-धारा ५ विशिष्ट संरक्षक सदस्यः-<br><br>संस्थामा एकमुष्ट रु १५,००१(पन्ध्र हजार एक) रकम बुझाई तोकिएको प्रकृया अर्न्तगत आवेदन दिने व्यक्तिहरुलाई कार्य समितिको निर्णयले विशिष्ट संरक्षक सदस्यता प्रदान गर्न सक्नेछ । | परिच्छेद ३ को दफा १० को उप-धारा ५ बमोजिम विशिष्ट संरक्षक सदस्यः-<br><br>संस्थामा एकमुष्ट रु २५,०००(पच्चिस हजार) मुल्य बराबरको आर्थिक वा भौतिक सहयोग बुझाई तोकिएको प्रकृया अर्न्तगत आवेदन दिने व्यक्तिहरुलाई कार्य समितिको निर्णयले विशिष्ट संरक्षक सदस्यता प्रदान गर्न सक्नेछ । | समय परिस्थिती अनुसार शुल्क समायोजन र निर्धारण गरि संस्थालाई आर्थिक तथा भौतिक रुपमा मजबुत पार्न आवश्यकता रहेकोले |

२०८८।८।१२
संशोधित स्वीकृत

BAHING KIRAT MULUKHIM
बाहिङ किरात मुलुखिम
२०६१

बाहिङ किरात मुलुखिमको आठौं साधारण सभाबाट संसोधन र थप गरिएको विधान २०६९

| व्यबस्था नभएको | थप गरिएको | थप गर्नुको कारण |
|---|---|---|
| परिच्छेद ५ को दफा १६ मा (उपदफा १६.१ थप गरिएको) | (ख) जिल्ला सम्मेलन :-<br>बाहिङ बस्ति भएका प्रत्येक गा.वि.स मा गठित द्यालकार्य समितिले सिफारिस गरेको २ जना महिला, ३ जना पुरुष हुने गरि ५ जना प्रतिनिधिहरु द्याल कार्यसमितिको नेतृत्वमा जिल्ला सम्मेलनमा भाग लिनु पर्नेछ । जिल्ला कार्यसमिति पदाधिकारी प्रतिनिधि भई सम्मेलनमा भाग लिनेछन ।<br>जिल्ला सम्मेलनको हकमा प्रत्येक गा.वि.स स्तरका द्याल कार्यसमितिले १ महिला, १ पुरुष गरि २ जना पर्यबेक्षक पाठाउने छ । जिल्लाले आवश्यकता अनुसार पर्यबेक्षक कार्यसमितिको निर्णयले राख्न सक्नेछ । सम्मेलनले जिल्ला स्तरको कार्य समिति चयन ४ बर्षका लागि गर्नेछ ।<br>साथै बाहिङ समुदायको हितमा कार्ययोजना तय गर्नेछ ।<br><br>विधान बमोजिम जिल्ला तहमा सदस्यता प्राप्त गरि सकेका सबै प्रकारका सदस्यहरुले जिल्ला सम्मेलनमा भाग लिने र मानार्थ सदस्य बाहेकले मताधिकार प्रयोग गर्ने छन् ।<br><br>केन्द्रको निर्देशनमा, जिल्लाले विधान अनुसार जिल्ला सम्मेलन सम्पन्न गरि केन्द्रलाई लिखित जानकारी पेश गर्ने । | केन्द्र, जिल्ला र गाउँ तहका कार्य समितिहरुले सम्मेलनमा गर्नु पर्ने काम, कर्तव्य, विभाजन गरि तहगत जिम्मेवारी बाँडफाँड र अधिकार प्रत्ययोजनमा चुस्त दुरुस्त पार्न |

बाहिङ किरात मुलुखिमको आठौं साधारण सभाबाट संसोधन र थप गरिएको विधान २०६९

| व्यबस्था नभएको | थप गरिएको | संसोधन गर्नुको कारण |
|---|---|---|
| परिच्छेद ५ को दफा १६ मा (उपदफा १६.१ थप गरिएको) | (ग) राष्ट्रिय सम्मेलन :- जिल्लाका बाहिङ बस्ती रहेका प्रत्येक गा.वि.स बाट १ महिला, १ पुरुष गरि, २ जना प्रतिनिधि जिल्लालाई द्याल कार्यसमितिले पठाउनु पर्नेछ । सो प्रतिनिधिहरुलाई जिल्ला कार्यसमितिको वैठकले अनुमोदन गरि, जिल्लाको नेतृत्वमा केन्द्रीय सम्मेलनमा भाग लिनु पर्नेछ । गठित प्रत्येक जिल्ला कार्य समितिबाट २ जना महिला, ३ जना पुरुष सहित ५ अनिवार्य हुने गरि जिल्लाले तोकेको कार्यसमिति भित्रका पदाधिकारिहरु जिल्लाको नेतृत्वमा सम्मेलनमा भाग लिनु पर्नेछ । केन्द्रका कार्यसमितिका १७ सदस्य स्वत प्रतिनिधि भई भाग लिने छन् । राष्ट्रिय सम्मेलनको प्रावधानमा विदेश शाखाहरुलाई जिल्ला सरह लागु हुनेछ । केन्द्रीय सम्मेलनको हकमा प्रत्येक जिल्लाले १ महिला, १ पुरुष गरि २ जना पर्यबेक्षक पाठाउने छ । केन्द्रले आवश्यकता अनुसार पर्यबेक्षक कार्यसमितिको निणर्यले राख्न सक्नेछ । सम्मेलनले केन्द्र स्तरको कार्य समिति चयन ४ बर्षका लागि गर्नेछ । बाहिङ समुदायको हितमा ४ बर्षे कार्ययोजना तय गर्नेछ ।<br>(घ) उपत्यकाको हकमा :- काठमाण्डौं, ललितपूर र भक्तपूर जिल्ला केन्द्रमार्फ हेरिने छ । राष्ट्रिय सम्मेलनको हकमा, प्रत्येक जिल्लाबाट २ महिला ३ पुरुष गरि ५ जनाको प्रतिनिधि त्यस जिल्लाका बाहिङ समुदायले तोकेको संयोजकत्वमा राष्ट्रिय सम्मेलनमा भाग लिनु पर्नेछ | केन्द्र, जिल्ला र गाउँ तहका कार्य समितिहरुले सम्मेलनमा गर्नु पर्ने काम, कर्तव्य, विभाजन गरि तहगत जिम्मेवारी बाँडफाँड र अधिकार प्रत्ययोजनमा चुस्त दुरुस्त पार्न |

बाहिङ किरात मुलुखिमको आठौं साधारण सभाबाट संसोधन र थप गरिएको विधान २०६९

| व्यबस्था नभएको | थप गरिएको | संसोधन गर्नुको कारण |
|---|---|---|
| परिच्छेद ५ को दफा १६ (उपदफा १६.१ थप गरिएको) | (ङ) मर्यादा क्रम:-<br>(१) द्याल उप-कार्यसमितिले आयोजना गरेको वडास्तरको कार्यक्रमहरुमा, गा.वि.स स्तरिय द्याल कार्यसमितिका अध्यक्ष वा तोकिएको प्रतिनिधि प्रमुख अतिथि हुनेछ । विशिष्ठ व्यक्तीत्वहरु प्रमुख अतिथी तय भएमा द्याल कार्यसमितिका प्रतिनिधि विशेष अतिथीको रुपमा रहनेछ ।<br>(२) द्याल कार्यसमितिले आयोजना गरिएको कार्यक्रमहरुमा जिल्ला अध्यक्ष वा जिल्ला कार्यसमितिले तोकेको कार्यसमितिका प्रतिनिधि प्रमुख अतिथि रहने छ । विशिष्ठ व्यक्तीत्वहरु प्रमुख अतिथी तय भएमा, जिल्ला प्रतिनिधि विशेष अतिथीको रुपमा रहनेछ ।<br>(३) जिल्लाको हकमा केन्द्रका अध्यक्ष वा केन्द्रले तोकेको प्रतिनिधि प्रमुख अतिथी रहने छ । विशिष्ठ व्यक्तीत्वहरु प्रमुख अतिथी तय भएमा केन्द्रीय प्रतिनिधि विशेष अतिथीको रुपमा रहनेछ । विदेश शाखाहरुको हकमा जिल्ला तह सरह हुनेछ ।<br>(४) संस्थाका विशिष्ठ संरक्षक, संरक्षक, आजिवन, सल्लाहाकार, तुम्लोचा, नक्सो र जाम्चाहरुलाई मर्यादाक्रममा कार्यक्रममा आतिथ्य गराउनु पर्नेछ ।<br>(५) बार्षिक साधारण सभामा यहि प्राबधान लागु हुनेछ । भने केन्द्रको हकमा जिल्लाका अध्यक्ष वा विदेश प्रतिनिधि केन्द्रीय साधारण सभाको उद्घाटन शत्रमा अतिथि रहने छन् ।<br>(६) द्याल उप-कार्यसमितिमा, द्याल कार्यसमिति प्रमुख आतिथ्य रहने छ । | केन्द्र, जिल्ला र गाउँ तहमा विभिन्न कार्यक्रम गरिदा कार्यक्रमलाई मर्यादित, व्यबस्थीत गर्न गराउन । |

बाहिङ किरात मुलुखिमको आठौं साधारण सभाबाट संसोधन र थप गरिएको विधान २०६९

| व्यबस्था नभएको | थप गरिएको | संसोधन गर्नुको कारण |
|---|---|---|
| परिच्छेद ५ को दफा १६ (उपदफा १६.१ थप गरिएको) | (च) द्याल उप-कार्यसमितिको काम, कर्तव्य र अधिकारहरु:-<br>(१) विधान बमोजिम वडा स्तरको जिम्मेवारी सम्हाल्ने ।<br>(२) वडा भित्रका किरात बाहिङहरुको आर्थिक, समाजिक, संस्कृति संस्कार, धार्मीक, भाषा, उत्थान, संरक्षण सर्म्वद्धन गर्ने ।<br>(३) द्याल कार्यसमितिलाई प्रत्येक बर्ष साधारण सभा गरि प्रगति (आर्थिक, कार्य प्रगति) विवरण द्याल कार्य समितिलाई पेश गर्ने ।<br>(४) द्याल कार्य समितिलाई दोहोरो सुचना, राय, सुझाव, आदान प्रधान गरि आवश्यक सहयोग गर्ने ।<br>(५) बाहिङ पहिचान, हक अधिकारलाई वडा स्तरमा वकालत गर्ने ।<br>(६) वडा स्तरमा राज्य तथा दातृ निकायबाट उपलब्ध श्रोत प्राप्तीकालागी पहल गरि भाषा, धर्म, संस्कार र संस्कृति लगायत अन्य काम जुन समुदायको हित र उत्थानमा परिचालन गर्ने ।<br>(७) सदस्यता वितरण गर्ने ।<br>(८) समान उदेश्य मिल्ने संस्थाहरुसंग सहकार्य गरि किरात बाहिङ समुदायको हितमा काम गर्ने ।<br>(९) किरात बाहिङहरुको मृत्यू, विवाह लगायत अन्य सामाजिक कार्यहरुमा भेला, मलामी र आवश्यक परेमा सहयोग जुटाउन पहल गर्ने ।<br>(१०) किरात बाहिङहरुको सामुहिक घर मुलुखिम बनाउन पहल गर्ने । | केन्द्र, जिल्ला र गाउँ तहका कार्य समितिहरुले सम्मेलनमा गर्नु पर्ने काम, कर्तव्य, विभाजन गरि तहगत जिम्मेवारी बाँडफाँड र अधिकार प्रत्ययोजनमा चुस्त दुरुस्त पार्ने |

## बाहिङ किरात मुलुखिमको आठौं साधारण सभाबाट संसोधन र थप गरिएको विधान २०६९

| व्यबस्था नभएको | थप गरिएको | संसोधन गर्नुको कारण |
|---|---|---|
| परिच्छेद ५ को दफा १६ (उपदफा १६.१ थप गरिएको) | (छ) द्याल कार्यसमितिको काम, कर्तव्य र अधिकारहरुः-<br>(१) विधान बमोजिम गा.वि.स स्तरको जिम्मेवारी सम्हाल्ने ।<br>(२) गा.वि.स भित्रका किरात बाहिङहरुको आर्थिक, समाजिक, संस्कृति संस्कार, धार्मीक, बाहिङ भाषा, उत्थान, संरक्षण सर्म्वद्धन गर्ने ।<br>(३) द्याल उप-कार्यसमितिको काममा सहयोग, अनुगमन, राय, सुझाव दिने ।<br>(४) जिल्लाबाट निर्दिष्ठ गरिएको जिम्मेवारीहरुलाई द्याल कार्यसमितिले कार्यन्वयन गर्ने ।<br>(५) द्याल उप-समितिले दिएका शुझावहरुलाई समाधान गर्ने र सम्भव नभएका समस्य जिल्लालाई पठाउने ।<br>(६) प्रत्येक वर्ष बार्षिक साधारण सभा सम्पन्न गरि प्रगति (आर्थिक, कार्य प्रगति) विवरण जिल्लालाई लिखित विवरण पेश गर्ने ।<br>(७) जिल्ला र द्याल उप-कार्यसमिति विच दोहोरो सुचना आदान प्रदान गर्ने ।<br>(८) बाहिङ पहिचान, हक अधिकारलाई गा.वि.स स्तरमा वकालत गर्ने ।<br>(९) सदस्यता वितरण गर्ने । किरात बाहिङहरुको सामुहिक घर मुलुखिम बनाउन पहल गर्ने ।<br>(१०) गा.वि.स स्तरमा राज्य तथा दातृ निकायबाट उपलब्ध श्रोत प्राप्तीको पहल गरि भाषा, धर्म, संस्कार र संस्कृति लगायत अन्य समुदायको हित र उत्थानमा परिचालन गर्ने ।<br>(११) समान उदेश्य मिल्ने संस्थाहरुसंग सहकार्य गरि किरात बाहिङ समुदायको हितमा काम गर्ने ।<br>(१२) किरात बाहिङहरुको मृत्यू , विवाह लगायत अन्य सामाजिक कार्यहरुमा भेला, मलामी र आवश्यक परेमा सहयोग जुटाउन पहल गर्ने । | केन्द्र, जिल्ला र गाउँ तहका कार्य समितिहरुले सम्मेलनमा गर्नु पर्ने काम, कर्तव्य, विभाजन गरि तहगत जिम्मेवारी बाँडफाँड र अधिकार प्रत्ययोजनमा चुस्त दुरुस्त पार्ने |

## बाहिङ किरात मुलुखिमको आठौं साधारण सभाबाट संसोधन र थप गरिएको विधान २०६९

| व्यवस्था नभएको | थप गरिएको | संसोधन गर्नुको कारण |
|---|---|---|
| परिच्छेद ५ को दफा १६ (उपदफा १६.१ थप गरिएको) | (झ) केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकारः-<br>(१) केन्द्रीय स्तरको जिम्मेवारी बहन गर्ने ।<br>(२) राष्ट्रिय तहबाट किरात बाहिङहरुको आर्थिक, सामाजिक, संस्कृति संस्कार, धार्मीक, भाषा, उत्थान, संरक्षण सर्म्वद्धन गर्ने ।<br>(३) जिल्ला कार्यसमिति, विदेशमा गठित कार्य समिति प्रति उत्तरदायी रहने ।<br>(४) अर्न्तराष्ट्रिय क्षेत्रसंग समन्वय सर्म्पक, संगठन विस्तारमा पहल गर्ने । मुलुखिम घर निर्माणमा पहल गर्ने ।<br>(५) जिल्ला, विदेश समितिहरुलाई आवश्यक अनुगमन, राय, सुझाव, निर्देशन, दोहोरो सूचना आदान प्रदान र सहयोग गर्ने ।<br>(६) राष्ट्रिय स्तरमा बाहिङ पहिचान, हक अधिकारमा वकालत गर्ने ।<br>(७) राष्ट्रिय स्तरमा राज्य तथा दातृ निकायबाट उपलब्ध श्रोत साधानहरुको पहिचान गरि भाषा, धर्म, संस्कार र संस्कृति लगायत अन्य सामाजिक हित र उत्थानमा परिचालन गर्ने ।<br>(८) समान उदेश्य मिल्ने संस्थाहरुसंग सहकार्य गरि किरात बाहिङ समुदायको हितमा काम गर्ने ।<br>(९) किरात बाहिङहरुको भाषा, धर्म, संस्कृति संस्कार, इतिहास, साहित्य, वंशावली सबै जिल्लाबाट खोज, अनुसन्धान, संकलन र प्रकाशन गर्ने ।<br>(१०) किरात बाहिङहरुको मृत्यू, विवाह लगायत अन्य सामाजिक कार्यहरुमा भेला, मलामी र आवश्यक परेमा सहयोग जुटाउन पहल गर्ने । अन्य समुदायको हितमा आवश्यक कामहरु गर्ने । | केन्द्र, जिल्ला र गाउँ तहका कार्य समितिहरुले सम्मेलनमा गर्नु पर्ने काम, कर्तव्य, विभाजन गरि तहगत जिम्मेवारी बाँडफाँड र अधिकार प्रत्ययोजनमा चुस्त दुरुस्त पार्न |

बाहिङ किरात मुलुखिमको आठौं साधारण सभाबाट संसोधन र थप गरिएको विधान २०६९

| व्यबस्था नभएको | थप गरिएको | संसोधन गर्नुको कारण |
|---|---|---|
| परिच्छेद ५ को दफा १६ (उपदफा १६.१ थप गरिएको) | (ज) जिल्ला कार्यसमितिको काम, कर्तव्य र अधिकारहरु<br>(१) विधान अनुसार जिल्ला स्तरको जिम्मेवारी सम्हाल्ने ।<br>(२) जिल्ला भित्रका किरात बाहिङहरुको आर्थिक, सामाजिक, संस्कृति संस्कार, धार्मीक, भाषा, उत्थान, संरक्षण सर्म्वद्धन गर्ने ।<br>(३) केन्द्रबाट निर्देशित विषयहरु कार्यन्वयनमा सहयोग गर्ने ।<br>(४) केन्द्र र द्याल कार्यसमिति विचको दोहोरो उत्तरदायी बहन गर्ने ।<br>(५) गा.वि.स स्तरका द्याल कार्य समितिहरुमा अनुगमन, निर्देशन, राय, सुझाव र सुचना दिने ।<br>(६) बाहिङ पहिचान, हक अधिकारलाई जिल्ला स्तरमा वकालत गर्ने ।<br>(७) बार्षिक साधारण सभा जिल्ला स्तरको सम्पन्न गरि (आर्थिक, कार्य प्रगति) लिखित रुपमा विवरण केन्द्रलाई पेश गर्ने ।<br>(८) सदस्यता वितरण गर्ने । जिल्ला, गाउँबाट प्राप्त सदस्यताको नम्बरिङको लागि सदस्यताको प्रकार प्रष्ट व्यहोरामा खोली केन्द्रमा नामावली पठाउने ।<br>(९) जिल्ला स्तरमा राज्य तथा दातृ निकायबाट उपलब्ध श्रोत साधानहरु प्राप्तीको लागि पहल गरि भाषा, धर्म, संस्कार र संस्कृति लगायत समुदायको हित र उत्थानमा परिचालन गर्ने । जिल्ला मुलुखिम घर बनाउन पहल गर्ने ।<br>(१०) समान उदेश्य मिल्ने संस्थाहरुसंग सहकार्य गरि किरात बाहिङ समुदायको हितमा काम गर्ने ।<br>(११) किरात बाहिङहरुको मृत्यू, विवाह लगायत अन्य सामाजिक कार्यहरुमा भेला, मलामी र आवश्यक परेमा सहयोग जुटाउन पहल गर्ने । | केन्द्र, जिल्ला र गाउँ तहका कार्य समितिहरुले सम्मेलनमा गर्नु पर्ने काम, कर्तव्य, विभाजन गरि तहगत जिम्मेवारी बाँडफाँड र अधिकार प्रत्ययोजनमा चुस्त दुरुस्त पार्न |

## बाहिङ किरात मुलुखिमको आठौं साधारण सभाबाट संसोधन र थप गरिएको विधान २०६९

| व्यबस्था भएको | संसोधन गरिएको | संसोधन गर्नुको कारण |
|---|---|---|
| परिच्छेद ४ को दफा १३ को उप-दफा २ मा कार्य समतिको कार्य अवधि ४ बर्षको हुनेछ । | (२) प्रत्येक ४ बर्षमा हुने कार्यसमिति चयनको सभालाई बाहिङ किरात मुलुखिमको केन्द्रको हकमा राष्ट्रिय सम्मेलन, जिल्लाको हकमा जिल्ला सम्मेलन, गा.वि.स को हकमा द्याल सम्मेलन र विदेशको हकमा मुलुकको नामसंग जोडी सम्मेलन गरिनेछ । सो सम्मेलनले ४ बर्षका लागि कार्यसमिति चयन गर्नेछ ।<br>सम्मेलन, कार्यसमितिको कार्य अवधि ४ बर्ष पुगे पछि गरिने सभालाई सम्मलेन मानिने छ ।<br>कार्य समिति गठन गर्दा कम्तीमा सदस्य ग्रहण गरेको २ बर्ष भएको, साधारण सदस्यको हकमा नियामित नविकरण गरेको हुनु पर्नेछ । अन्याथा मान्या दिईने छैन ।<br><br>बार्षिक साधारण सभा, परिच्छेद ४ को दफा ११ को (ख) अनुसार गरिने नियामित बार्षिक साधारण सभा मानिने छ । | ४ बार्षमा कार्यसमितिको कार्यकाल समाप्त भई नयाँ कार्यसमिति चयन गर्ने सबै क्षेत्रका प्रतिनिधिहरुको समान प्रतिनिधित्व गर्न, गराउनुका साथै नेतृत्वा निखारता ल्याउन |
| **व्यबस्था नभएको** | **थप गरिएको** | **थप गर्नुको कारण** |
| परिच्छेद ४ को दफा १५ को उप-दफा ३<br>भातृ संगठनः- | बाहिङ किरात बिद्यार्थी संगठन, बाहिङ किरात युवा संगठन लगायत अन्य आवश्यक संगठनहरु गठन बनाउन सक्नेछ । यी संगठनहरुको काम कर्तव्य यसै विधानको अर्न्तगत नीहित रहने छ । | विद्यार्थी, युवा र महिला, बाल बालिकाहरुलाई संगठित गरि क्षमतामा अभिबृद्धि र विकास उनिहरुलाई टेवा पुऱ्याउन । |

बाहिङ किरात मुलुखिमको आठौं साधारण सभाबाट संसोधन र थप गरिएको विधान २०६९

| व्यबस्था भएको | थप गरिएको | थप गर्नुको कारण |
|---|---|---|
| परिच्छेद ५ को दफा १६ मा काम कर्तव्य र अधिकार<br>(उपदफा १६.१ थप गरिएको) | १६.१ केन्द्र, जिल्ला र द्याल कार्य समिति, द्याल उप-कार्यसमिति हरुको काम कर्तव्य र अधिकार<br><br>(क) द्याल(गाउँ) सम्मेलन:-<br>बाहिङ बस्ति भएका गा.वि.स भित्रको प्रत्येक वडाहरुबाट २ जना महिला, ३ जना पुरुष गरि ५ जना प्रतिनिधि द्याल उप-कार्यसमितिले सिफारिस गरि पठाएको सबै वडाहरुको प्रतिनिधिहरुको गा.वि.स स्तरको द्याल सम्मेलनले, द्याल कार्यसमिति ४ बर्षका लागि चयन र गा.वि.स स्तरको बाहिङ समुदायको हितमा कार्ययोजना तय गर्नेछ ।<br>द्याल सम्मेलनको हकमा प्रत्येक वडा स्तरका द्याल उप-कार्यसमितिले १ महिला, १ पुरुष गरि २ जना पर्यबेक्षक पाठाउने छ ।<br>द्याल कार्यसमितिले आवश्यकता अनुसार पर्यबेक्षक कार्यसमितिको निर्णयले राख्न सक्नेछ ।<br>गा.वि.स भित्रका विधान बमोजिम सदस्यता ग्रहण गरेका सबै प्रकारका सदस्यहरु सम्मेलनमा रहने र मानार्थ सदस्य बाहेकले मताधिकार प्रयोग गर्ने छन् ।<br>जिल्लाको निर्देशन बमोजिम, द्याल कार्यसमितिले विधान अनुसार द्याल सम्मेलन सम्पन्न गरि जिल्लालाई लिखित प्रतिवेदन पेश गर्ने । | केन्द्र, जिल्ला र गाउँ तहका कार्य समितिहरुले सम्मेलनमा गर्नु पर्ने काम, कर्तव्य, विभाजन गरि तहगत जिम्मेवारी बाँडफाँड र अधिकार प्रत्ययोजनमा चुस्त दुरुस्त पार्न |

कुमला

बाहिङ किरात मुलुखिमको आठौं साधारण सभाबाट संसोधन र थप गरिएको विधान २०६९

| व्यबस्था नभएको | थप गरिएको | थप गर्नुको कारण |
| --- | --- | --- |
| परिच्छेद १ को दफा १ मा (उप-दफा (च) थप गरिएको | किरात बाहिङ समुदायहरु नेपालबाट, बैदेशिक रोजगारको सिलसिलामा विदेश (मलेसिया, कुवेत, कतार, बहराईन, अरव, सिगापूर, ब्रुनाई, हङकङ, बेलायत, अमेरीका, युरोप, जपान, कोरिया लगायत अन्य मुलुकमा छरिएर रहेका छन । उनीहरुको सामाजिक रक्षाकालागि संगठित बनाई मातृ भूमिसंगको सम्बन्ध बालियो बनाउन । आवश्यक प्रकृय मिलाई विदेश शाखाहरु विस्तार गर्न सकिने छ । | मातृभूमि नेपालसंग उनीहरुको बलियो सम्बन्ध बनाउन |

कुमला

## बाहिङ किरात मुलुखिमको ११औं साधारण सभाबाट संसोधन र थप गरिएको विधान २०७२

| व्यवस्था भएको | थप गरिएको | संसोधन गर्नुको कारण |
|---|---|---|
| परिच्छेद १ को परिभाषा २ को धारा १४ मा १४) बाहिङ जाति र समुदाय भन्नाले : बाहिङहरुको पूर्खा खालुवा(खालीवा), रुङ्बु(रुङ्बुढा,रुम्दाली), रेन्दु(रेन्दुक्पा) पाई, हवासालीहरुको सन्तान भित्रका दो:चा(थर)हरु थाम्रोचा, हजुपाचा, युम्बुचा, दुङमोचा, मुपुचा, रेके(रोके), दिलिङबाचा, पियाचा, रवाल्लोचा, म्र्यासाचा, प्रोङ्मोचा, खारादिर्वुचा, नामब्र्यासाचा, लुतिचा/लुतिछा, हंगु/हंगुछा, मोप्लोचा, हवालीन्दी, मुनारी, तोनीमी, सुस्तो/सुस्तोचा, रिपोचा, मुलिवा, रिनाम्साचा र फ्याक्तीचा गरि ५९ भन्दा माथी रहेका दोचा जो, बाहिङ(बायुङ) भाषा बोल्ने किरात सभ्याता भित्रका फरक जातिलाई जनाउदछ । | परिच्छेद १ को परिभाषा २ को धारा १४ मा<br><br>१४) बाहिङ जाति र समुदाय भन्नाले :<br>बाहिङहरुको पूर्खाहरु ओङ्कोलु, खोरोपु, साङाका, लुरिपा, खारा-पिलु, पायीवा, दुङ्मोवा, रुखुसालु, तपेल्दु, बारिप्सावा, तीम्रीवा, धीम्रीवा, नेचेपो, आसावा, साम्रीवा, नयङ्गो, धयङ्गो, खारुपासो र नाम्धोङ्मा पूर्खाहरु ख्यम्वोचा। तेम्बोचा दोचाहरु(थर) भित्र तोलाचा, ग्याल्दांचा(ग्याल्र्डाचा) गरि ६१<br><br>२०७२।९।१२<br>संशोधित<br>प्रशासकीय अधिकृत | खालुवा(खालीवा), रुङ्बु (रुङ्बुढा,रुम्दाली), रेन्दु (रेन्दुक्पा) भन्दा माथीका छुटेका पूर्खाहरु र छुटेका दोचाहरु थप गरिएको |

## बाहिङ किरात मुलुखिमको ११औं साधारण सभाबाट संसोधन गरिएको विधान २०७२

| व्यवस्था भएको | थप संशोधन गरिएको | संसोधन गर्नुको कारण |
|---|---|---|
| दफा १० को उपदफा (१) साधारण सदस्यताको, प्रवेश शुल्क रु १०१/- लाग्ने छ, प्रथम पटक वार्षिक शुल्क रु१०१/- हुनेछ र सदस्यता अवधी पौष मसान्त सम्म रहनेछ र नविकरण शुल्क रु ५१ लाग्ने छ। | दफा १० को उप-दफा (१) साधारण सदस्यताको, प्रवेश शुल्क रु २००० लाग्ने छ। | समय सापेक्ष परिमार्जन गरिएको |

## बाहिङ किरात मुलुखिमको ११औं साधारण सभाबाट संसोधित गरिएको विधान २०७२

| व्यवस्था भएको | थप संशोधन गरिएको | संसोधन गर्नुको कारण |
|---|---|---|
| दफा १० को उपदफा (१) साधारण सदस्यताको, प्रवेश शुल्क रु १०१/- लाग्ने छ, प्रथम पटक वार्षिक शुल्क रु१०१/- हुनेछ र सदस्यता अवधी पौष मसान्त सम्म रहनेछ र नविकरण शुल्क रु ५१ लाग्ने छ । | दफा १० को उप-दफा (१) साधारण सदस्यताको, प्रवेश शुल्क रु २०००/-लाग्ने छ । | समय सापेक्ष परिमार्जन गरिएको |

## बाहिङ किरात मुलुखिमको ११औं साधारण सभाबाट संसोधन र थप गरिएको विधान २०७२

| व्यवस्था भएको | थप गरिएको | संसोधन गर्नुको कारण |
|---|---|---|
| परिच्छेद १ को परिभाषा २ को धारा १४ मा १४) बाहिङ जाति र समुदाय भन्नाले :<br>बाहिङहरुको पूर्खा खालुवा(खालीवा), रुङबु(रुङबुढा,रुम्दाली), रेन्दु(रेन्दुक्पा) पाई, हवासालीहरुको सन्तान भित्रका दो:चा(थर)हरु थाम्रोचा, हजुपाचा, युम्बुचा, दुङमोचा, मुपुचा, रेके(रोके), दिलिङबाचा, पियाचा, रवाल्लोचा, र्म्यासाचा, प्रोङ्मोचा, खारादिर्वुचा, नामर्ब्यासाचा, लुतिचा/लुतिछा, हंगु/हंगुछा, मोप्लोचा, हवालीन्दी, मुनारी, तोनीमी, सुस्तो/सुस्तोचा, रिपोचा, मुलिवा, रिनाम्साचा र फ्याक्तीचा गरि ५९ भन्दा माथी रहेका दोचा जो, बाहिङ(बायुङ) भाषा बोल्ने किरात सभ्याता भित्रका फरक जातिलाई जनाउदछ । | परिच्छेद १ को परिभाषा २ को धारा १४ मा<br><br>१४) बाहिङ जाति र समुदाय भन्नाले :<br>बाहिङहरुको पूर्खाहरु ओङ्कोलु, खोरोपु, साङाका, लुरिपा, खारा-पिलु, पायीवा, दुङ्मोवा, रुखुसालु, तपेल्दु, बारिप्सावा, तीम्रीवा, धीम्रीवा, नेचेपो, आसावा, साम्रीवा, नयङ्गो, धयङ्गो, खारुपासो र नाम्धोङ्मा पूर्खाहरु<br><br>दोचाहरु(थर) भित्र तोलाचा, ग्यार्ल्दाचा(ग्यार्ल्डाचा) गरि ६१ | खालुवा(खालीवा), रुङबु (रुङबुढा,रुम्दाली), रेन्दु (रेन्दुक्पा) भन्दा माथीका छुटेका पूर्खाहरु र छुटेका दोचाहरु थप गरिएको |

प्रशासकीय अधिकृत

## बाहिङ किरात मुलुखिमको १२ औं साधारण सभाबाट संसोधन गरिएको विधान २०७४

| व्यवस्था भएको | थप संसोधन गरिएको | संसोधन गर्नुको कारण |
|---|---|---|
| परिच्छेद २ को दफा ५ को उपदफा (ङ) अन्य आवश्यक कुराहरु | संस्थाले संस्था संचालनको लागि आवश्यक पर्ने चल-अचल सम्पति, घर, जग्गा जमिन व्यक्ति सरह खरिद बिक्री गर्न सक्नेछ । | यो प्रावधान आवश्यकता परेकोले थप गरिएको |

प्रशासकीय अधिकृत

**बाहिङ किरात मुलुखिमको १२ औं साधारण सभाबाट संसोधन गरिएको विधान**

| व्यवस्था भएको | थप संशोधन गरिएको | संसोधन गर्नुको कारण |
|---|---|---|
| परिच्छेद-२, दफा ५ को उप-दफा (च) नभएको | परिच्छेद-२, दफा ५ को उप-दफा (च) संस्थाले सामाजिक हितमा संवेदनशील मानविय सेवाका लागि एम्बुलेन्स र शव वहान जस्ता सवारी साधन खरिद गरि संचालन गर्नेछ । | उदेश्य (च) आवश्यकता भएकोले थप गरिएको |

## बाहिङ किरात मुलुखिमको १२ औं साधारण सभाबाट संसोधन गरिएको विधान २०७४

| व्यवस्था भएको | थप संसोधन गरिएको | संसोधन गर्नुको कारण |
|---|---|---|
| परिच्छेद २ को दफा ५ को उपदफा (ङ) अन्य आवश्यक कुराहरु | संस्थाले संस्था संचालनको लागि आवश्यक पर्ने चल-अचल सम्पति, घर, जग्गा जमिन व्यक्ति सरह खरिद विक्री गर्न सक्नेछ। | यो प्रावधान आवश्यकता परेकोले थप गरिएको |

२०७४।३।२०

BAHING KIRAT MULUKHIM 2004